मूल्य रु. ५००।–

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ ।

## जिन्सी सामान लिलाम विक्री सम्बन्धी बोलपत्र फाराम

**आ.ब. ०८०/०८१**

# नेपाल प्रज्ञा–प्रतिष्ठान कमलादी काठमाडौँ
## बोलपत्र प्रस्तुत गर्नेको विवरण

व्यक्ति, फर्म वा संस्थाको नाम :

कारोबार गर्ने पसल फर्म वा संस्थाको ठेगाना :

प्रबन्धक/प्रोपाइटर/ मुख्य व्यक्तिको नाम :

प्यान नं. :

मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता नं. :

सम्पर्क फोन नं. : /इमेल

प्रबन्धक, प्रोपाइटर वा मुख्य व्यक्तिको हस्ताक्षर

मिति :

कम्पनी –फर्म वा संस्थाको छाप :

श्रीमान् कुलपतिज्यू,

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ ।

यस नेपाल प्रज्ञा-प्रतिष्ठानबाट लिलाम हुने जिन्सी मालसामनहरू विक्री गर्नको लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएबमोजिम सिलवन्दी बोलपत्र पेश गरेको छु ।

हाम्रो कवोल अंक यसैसाथ संलग्न बोलपत्र फाराममा उल्लेख गरिएको छ । हामी उल्लिखित सामानहरू यसै फाराममा उल्लिखित शर्तहरूका अधिनमा रही खरिद गर्नेछौँ । वोलपत्रमा उल्लिखित कुल जम्मा रकमको नियमानुसार १०% ले हुन आउने धरौटी रकम रु ................................(अक्षेरूपि ..........................................मात्र) त्यस नेपाल प्रज्ञा-प्रतिष्ठानको कमलादी स्थित ग्लोबल आइएमई बैंकमा रहेको खाता नं. ३०१०१०१०००००३८ मा जम्मा गरी त्यसको सक्कलै भौचर वा जमानत वापतको ......................................... बैङ्कबाट मिति ...................................मा जारी भएको रु........................ अक्षेरूपि..................................................) को ४५ दिने बैङ्क जमानी पत्र (विडबण्ड) यसै पत्र साथ पेश गरिएको बेहोरा अवगत गराउँदछु ।

**निवेदक**

**बोलपत्र दाताको नाम :**

**पद :**

**फोन नं. :**

**कारोबार गर्ने मुख्य स्थल वा पसलको पूरा ठेगाना :**

**हस्ताक्षर :**

**मिति :**

**कम्पनी वा फर्म भए सोको नाम :**

**मुख्य कारोवार गर्ने व्यक्तिको नाम :**

**पूरा ठेगाना :**

**फोन नं. :**

**आधिकारी हस्ताक्षर :**

**कम्पनीको छाप :**

# कबोल अंक फारम

| सि.नं. | विवरण | जम्मा न्यूनतम मूल्याङ्कन रकम रु. | | कबोल अंक रकम रु. | | १०% ले हुने नगद धरौटी रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| १. | संलग्न लिष्ट बमोजिम सि.नं. १ देखि २१५ सम्म | १०,८३,०५७- | (दश लाख त्रियासी हजार सन्ताउन्न) | | | | | |

बोलपत्रदाताको नाम र ठेगाना :
कम्पनी वा फर्म भए सोको नाम र ठेगाना :
मुख्य कारोबार गर्ने व्यक्तिको दस्तखत :
पेश गरेको मिति :

**नेपाल प्रज्ञा–प्रतिष्ठान**
कमलादी, काठमाडौँ

## लिलाम विक्री सम्बन्धी बोलपत्रदाताले पालना गर्नुपर्ने सर्तहरू :

१. बोलपत्र दाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नुपर्ने छ ।
२. लिलाम विक्रीको लागि कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ ।
३. बोलपत्रदाताले स्पष्टरूपमा प्रोपाइटर, कारोबार गर्ने मुख्य व्यक्ति, कारोबार गर्ने मुख्य स्थल वा पसल, फोन नम्बर आदि सबै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ ।
४. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनुपर्ने छ ।
५. सिलबन्दी बोलपत्र पेस गर्दा कबोल गरेको जम्मा रकमको १०% ले हुने रकमको जमानत नेपाल प्रज्ञा-प्रतिष्ठानको ग्लोबल आइएमई बैंक लिमिटेडको कमलादी शाखामा रहेको खाता नं. ३०१०१०००००३८ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर वा ४५ दिने बैङ्क ग्यारेन्टी पेस गर्नुपर्नेछ ।
६. रु. ५००।- (फिर्ता नहुने गरी) तिरी नेपाल प्रज्ञा-प्रतिष्ठानको पुस्तक बिक्री कक्षबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ र फाराम खरिद गर्दाको रसिद पनि बोलपत्र फारामसाथ पेस गर्नुपर्नेछ ।
७. सिलबन्दी बोलपत्र फाराम प्रथम पटक प्रकाशित सूचनाको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गरी १६ औं दिनको १२ : ०० बजे सम्म नेपाल प्रज्ञा-प्रतिष्ठानको लिलाम समिति २०८० को कार्यलयमा दर्ता गरिसक्नुपर्नेछ ।
८. प्राप्त हुन आएका सिलबन्दी बोलपत्र फारामहरू खरिद गर्ने म्याद सकिएको भोलिपल्ट १६ औं दिनको २:०० बजे प्रज्ञा-प्रतिष्ठानमा खोलिनेछ। सो दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनको २:०० बजे खोलिनेछ ।
९. बोलपत्र खोल्दा बोलपत्र दाताका तर्फबाट सम्बन्धित व्यक्ति, प्रोप्राइटर वा प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएको मिति र समयमा खोलिनेछ ।
१०. नेपाल प्रज्ञा-प्रतिष्ठान, आर्थिक प्रशासन सम्बन्धी नियमावली २०७९ (संसोधित) तथा प्रचलित कानुन अनुसार रित पुगी आएका बोलपत्रहरूलाई मात्र प्रतिस्पर्धामा सहभागी गराइने छ ।
११. रित पुगेका बोलपत्रहरूमध्ये सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्ति, कम्पनी वा फर्मको बोलपत्र स्वीकृत गरिनेछ ।
१२. बोलपत्र फाराममा उल्लेख भए अनुरुपका लिलाम बिक्री गरिने सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्र पेश गर्नु अगावै हेरी ति सामानहरू जे जति जे जस्तो अवस्थामा छन् त्यसको बारेमा जानकारी लिइसकेपछि मात्र बोलपत्र फाराम पेश गर्नुपर्ने छ ।
१३. लिलाम बिक्री सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्ने छ । सम्झौता अवधिभित्र उठाई नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेमा कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गर्न सक्नेछ ।
१४. बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन ।
१५. लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रु. १०,८३,०५७– (अक्षेरूपी दश लाख त्रियासी हजार सन्ताउन्न रुपैयाँ मात्र) कायम गरिएको छ । बोलपत्रदाताले यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नुपर्नेछ ।
१६. बोलपत्रसम्बन्धी कुनै विवाद उठेमा दुवै पक्षको सहमतिले विवाद समाधान गरिनेछ । यसरी विवाद समाधान हुन नसकेमा प्रज्ञा-प्रतिष्ठानले गरेको निर्णय नै अन्तिम र मान्य हुनेछ ।
१७. बोलपत्र फारामसाथ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र फर्म/कम्पनीको हकमा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, संलग्न राख्नु पर्नेछ ।
१८. सिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा निहित रहने छ ।
१९. माथि उल्लेखित शर्तहरू बाहेक अन्य कुराहरू प्रचलित कानून अनुसार हुनेछ ।
२०. मालसमानको कुल न्यूनतम मूल्याङ्कनदेखि माथि मात्र कबोल अंक लेख्न सकिनेछ ।
२१. बोलपत्र फाराम खरिद गर्ने, बुझाउने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन हुनेछ ।
२२. बोलपत्र स्वीकृत भएपछि कबोल गरेको अंक यस कार्यलयमा दाखिला गरी सम्झौता गर्नुपर्ने र स्वीकृत भएको मितिले १५ औं दिनभित्र सम्पूर्ण सामान आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।
२३. उपर्युक्त सर्तहरूका साथै गोरखापत्र दैनिकमा २०८०।१०।२८ गते प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचनामा उल्लेख भएका सर्तहरू बोलपत्रदाताले पालना गर्नुपर्नेछ ।
२४. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा सामान हेर्नु परेमा कार्यालय खुलेको समयभित्र सम्पर्क राख्न सकिनेछ ।